# समाचार सन्देश

वर्ष १३, अङ्क ४ आई.पी.एस्. लेख रचनाको सँगालो, चैत १८,२०६३–बैशाख २, २०६४ (अप्रिल १ – १५, २००७)

# न्यायका लागि आमाको लडाइँ

– स्टेला गोन्जालेस

मनिला (आई.पी.एस्./एन्.पी.आई.) - पाँचवर्ष अघि इभाञ्जेलिन हरनान्नडेज एक समान्य गृहिणी थिइन् । उनी निन्दानाओस्थित दक्षिणी टापुको डाभाओ शहरमा चार छोराछोरीका साथ बसेकी थिइन् । तर उनको सामान्य जीवन जब लडाकाहरूले मानव अधिकारकर्मी रहेकी उनकी छोरीलाई गोली हानेर मार्‍यो, त्यसपछि बदलियो ।

बेन्जालिन 'बेङ्ग' हरन्नानडेज नामकी २२ वर्षीया उनकी छोरी अन्य मानव अधिकारकर्मीका साथ अप्रिल २००२ मा मारिएकी हुन् । उनीहरू निन्दानाओको उत्तरी कोटाबाटोस्थित अलाकान्त उप( त्यकामा किसानको अवस्थाका सन्दर्भमा अनुसन्धान गर्ने सिलसिलामा थिए ।

'सत्यनिरूपण कार्यदलमा समावेश भएर जानु त्यति खतरापूर्ण हुन्छ भन्ने मैले थाहा पाएकी थिइनँ,' बेन्जालिनको मृत्युको अवस्थाबारे स्मरण गर्दै इभाञ्जेलिनले आईपीएसलाई बताइन् ।

प्रत्यक्षदर्शी अर्का एक व्यक्तिका अनुसार सत्य-तथ्य निरूपणका लागि आयोगको कार्यदल अलग्गै बनाइएको एक टहरामा विहानको खाना खाने तयारी गर्दै थियो । त्यसैबेला हतियारधारी मिलिसिया समूह आइपुग्यो । अर्धसैनिक दस्ता पनि भनिने सो हतियारधारी समूहले कुनै चेतावनीबिना गोली चलायो । एक जना पीडित भाग्ने क्रममा मारिए । अरुलाई घेरामा पारियो र एकजनालाई पेटमा गोली हानियो । त्यसमानिसले आफ्नो जीवन जोगाउन हारगुहार गर्‍यो तर पछि गर्धनमा अर्को गोली थपेर उसको हत्या गरियो ।

बेन्जालिन तथा अन्य महिला सहभागीहरूलाई घुडा टेकेर घोप्टोपर्न दबाब दिइयो र भटट गोली छोडियो, प्रत्यक्षदर्शीले भने ।

बेन्जालिन कार्यरत रहेको संस्था मानव अधिकारकर्मीको समूह कारापाटन 'मानवअधिकार समृद्धिका लागि सञ्जाल' का अनुसार गाउँलेहरूले महिलाहरू रोइरहेको आवाज सुनेको र त्यसपछि गोली हानेर हत्या गरिएको जानकारी दिए । पछि पीडितका परिवारले दोषी समूहविरुद्ध मुद्दा दायर गर्‍यो । सो मुद्दा आजपनि वकिलको कार्यालयमा कारवाहीकै क्रममा रहेको छ । शङ्कास्पद व्यक्तिहरूलाई धरौटीमा छोडिएको छ । धेरै मुलुकहरूमा न्यायका लागि पाँचवर्ष लामो प्रतीक्षा सामान्य विषय होइन तर हरन्नानडेज भन्छिन् पाँचवर्ष मात्र होइन यस्ता मुद्दा कारवाहीमा आउन मात्र पनि आठदेखि १० वर्षको प्रतीक्षा गर्न वाध्य हुनुपर्दछ । यति लामो प्रतीक्षापछि पनि पीडितले मुद्दा हारेका हुन्छन् । पीडितका प्रमाण र साक्षीहरूलाई कुनै महत्व दिइन्न ।

सन् २००२ मा अन्य वर्षको तुलनामा निकै थोरै मात्र गैरकानुनी हत्याका घटनाहरू रहेका छन् । बेन्जालिनको मुद्दाले भने अन्तर्राष्ट्रिय स्तरमै चर्चा पायो र गम्भीर घटनाका रूपमा यसको चित्रण गरियो । 'यसपछि २००६ मा मृत्युका घटना ह्वात्त बढे, हरनान्नडेज भन्छिन् । कारापाटनले तयार पारेको प्रतिवेदनअनुसार जनवरी २००१ देखि यता ८ सय ३९ जनाको गैरकानुनी हत्या भएको

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

छ । ग्लोरिया माकापागल आरोयो राष्ट्रपति बनेयताको मात्र यो विवरण हो । यसमा २००७ को मार्च १४ तारिखसम्मका घटनाहरू अभिलेखीकरण गरिएको छ । तर, आरोयोले गठन गरेको प्रहरीको कार्यदलले २००६ को मेमा अनुसन्धान गर्दा केवल १ सय १८ जना व्यक्तिको मात्र गैर कानुनी हत्या भएको जनाएको छ ।

गैरकानुनी हत्यालाई केही व्यक्तिहरू राजनीतिक हत्या पनि भन्न चाहन्छन् । कानुन वा अदालतले स्वीकृति नदिइएका मृत्युदण्ड र हत्यालाई यस श्रेणीमा राख्ने गरिएको छ । वामपन्थी समूह ब्यान (बेगोङ्ग अल्यानसाङ्ग माकाबायान, नब देशभक्त सञ्जाल) का अनुसार हत्याराहरू राज्यका दलाल र अन्य पक्षपनि रहेका छन् । पीडितहरू राजनीतिमा आवद्ध व्यक्तिहरू छन् । पीडितहरू धेरैजसो मानव अधिकारकर्मी, पुजारी र पादरीहरू, शिक्षक वकिल, किसान र मजदूरहरू रहेका छन् ।

यस प्रकारको बढ्दो हत्या श्रृखला रोक्न २००६ को सेप्टेम्बर महिनामा प्रतिबन्ध लागू गरियो । हरनान्नडेज र पीडितका अन्य नातेदारहरूले यसप्रकारको हत्या रोकिनुपर्छ भनेर अभियान चलाए । उनीहरूले हस्टेसिया (न्याय) नामको समूह गठन गरे र हरनान्नडेजलाई त्यस समूहको प्रमुख बनाए ।

हस्टेसियाले नेतृत्व गरेको समूह जस्ता अन्य थुप्रै संस्थाले हेगस्थित जनअदालतले स्थायित्व पाउनु पर्ने र आरोयोविरुद्ध अभियोग कायम हुनुपर्ने मागका साथ अभियान चलाउँदै आएका छन् । हेगस्थित अस्थायी अदालत अन्तर्राष्ट्रिय स्वतन्त्र निकाय हो । यसले मानव अधिकारविरुद्ध हुने हिंसाका उजुरीहरूको खुला परीक्षण गर्ने गर्दछ ।

हरनान्नडेज आरोयोविरुद्ध फैसला हुने कुरामा त्यति विश्वस्त हुन भने सकेकी छैनन् । १९८० मा फर्डिनान्ड मार्कोसको अधिनायकत्वका विरुद्ध उजुरी गर्दा जसरी कारवाही हुन सकेन त्यसरी नै आरोयोविरुद्ध पनि कारवाही नहुने उनको धारणा छ । गैरकानुनी हत्या र प्रमाणको अवलोकन गरेर मार्च २५ मा जुन फैसला न्यायाधीशहरूले चारदिन लामो सुनुवाइपछि गरे त्यसले पनि हरनान्नडेजलाई निराश बनाएको हो । मानवअधिकारकर्मीहरू आरोयो र उनको सरकारलाई यस प्रकारका सम्पूर्ण मानवअधिकार विरुद्धका हिंसाका लागि दोषी ठान्दछन् ।

मुलुकमा हुने मानव अधिकार विरुद्धका सबै खाले गतिविधिलाई लिएर मुद्दा चलाउने संगठन बायानका महासचिव रिनाटो एम रेयाजका अनुसार उनीहरूले मानवअधिकार रक्षाका लागि प्रयास त गरिरहेका छन् तर सफलता पाउन सकिरहेका छैनन् । 'त्यसैले हामी आफ्नै मुलुकमा न्यायपाउन असम्भव भएको ठहर गर्दै अन्तर्राष्ट्रिय अदालतमा पुगेका हौं,' उनले मनिलास्थित पत्रकारहरूलाई बताए ।

हरनान्नडेजका अनुसार उनले अस्थायी अदालतको फैसलाले आरोयो सरकार माथि दबाब दिने र महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएकी थिइन् तर संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षकले समेत गैरकानुनी हत्याका सम्बन्धमा कडा शब्दमा प्रतिवेदन तयार पारेको अवस्थामा पनि सरकारलाई कुनै प्रभाव पार्न भने सकेन ।

'कति व्यक्ति मरिए' भन्ने सवाल आल्सटोनले आफ्नो प्रतिवेदनमा उठाएका छन् । फेब्रुअरीमा सार्वजनिक गरिएको सो प्रतिवेदनको अन्त्यमा प्रश्न उठाइएको छ '२५, १०० वा ८०० अथवा कति ? .... यहाँ संख्याको मात्र कुरा होइन, योभन्दा सानो नम्बरले पनि अवस्थाको विशाल गाम्भीर्य प्रकट गर्दछ । कस्ता गैरकानुनी हत्या भएका छन् र त्यसको किसिम के हो भन्ने सवाल महत्वपूर्ण छ । यस प्रकारका हत्याका कारण नागरिक समाज र त्यसका सदस्यहरू प्रभावित भएका छन् ।' हत्याका घटनाले फिलिपिन्सको अवस्था नाजुक रहेको चित्र बाहिर ल्याएको छ । राज्यले गैरकानुनी हत्याका घटनालाई गम्भीरताका साथ उठाउन नसकेको प्रतिवेदनले देखाएको छ ।

उनी भन्छन्, आरोयोले आफ्ना सेनालाई गैरकानुनी हत्याका सम्बन्धमा गम्भीर हुन छानबिनका लागि उपयुक्त कदम चाल्न अनिवार्य छ । गत मार्च २२ का दिन उनले सरकारलाई सैनिक कमजोरी उजागर गर्न र यथार्थ विवरण दिन अनुरोध गरे । सेनाबाट भएका गैरकानुनी घटनाले सेनालाई कमजोर पार्ने प्रतिवेदनको ठहर छ ।

मानवअधिकरकर्मीका संगठनहरू आरोयो स्वयंले मृत्युका सम्बन्धमा जबाफ दिनुपर्ने कुरामा विश्वास राख्दछन् । जस्तो हरनान्नडेज भन्छिन्, 'राजनीति नबुझेकी एउटी घरेलु आमा आरोयोलाई के अनुरोध गर्छे भने राष्ट्रप्रमुखका हैसियतले उनले यहाँ भएका अधिनायकवादी कार्यको जवाफदेहिता लिनै पर्दछ । अन्यथा आफ्नो सैनिक संगठन र सेनाको गतिविधिमाथि उनको नियन्त्रण छैन भनेर विश्वास गर्नुपर्ने हुन्छ ।'

# दक्षिण एसियामा संयुक्त टेलिभिजन कार्यक्रम

– पाराञ्जोई गुहा थाकुर्ता

नयाँदिल्ली (आई.पी.एस्./एन्.पी.आई.) - दक्षिण एसियामा राजनीतिक नेताहरूले जुन काम गर्न सकेनन्, त्यो सञ्चार जगतले गर्न थालेको छ । निजी क्षेत्रका सञ्चारमाध्यमको पहलमा संयुक्त टेलिभिजन कार्यक्रम तयार हुन थालेका छन् ।

यस क्षेत्रका आठ मुलुकको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को शिखर सम्मेलनका बेला पाँच मुलुकका सात टेलिभिजन प्रसारकहरूले अप्रिल महीनाको सुरुमा सो अभ्यास सुरु गरेका हुन् ।

सात टेलिभिजन च्यानलमध्ये तीन भारतका हुन् भने पाकिस्तान, बंगलादेश, श्रीलङ्का र नेपालका एक-एक टेलिभिजन प्रसारकहरू रहेका छन् । यी मुलुकका अतिरिक्त सार्कमा भूटान, माल्दीप्स र यसै पटकदेखि समावेश हुन आएको अफगानिस्तान पनि सदस्य रहेका छन् । यस क्षेत्रमा १ अर्ब ५० करोड टेलिभिजनका दर्शक रहेको अनुमान छ ।

यी आठमध्ये केही मुलुकमा टेलिभिजन सरकारको नियन्त्रणमा रहेको छ र आनुपातिक रूपमा सञ्चारमाध्यमले त्यति विकास गर्न सकेको छैन । तर अधिकांशमा भने सञ्चारमाध्यमको अवस्था प्रभावकारी, स्वतन्त्र र निष्पक्ष रहेको छ । उनीहरू सरकारको नियन्त्रणमा छैनन् । यी स्वतन्त्र प्रसारण माध्यमले नै 'साउदएसियन' टेलिभिजनको पहल गरेका हुन् ।

नेपालका वरिष्ठ पत्रकार कनकमणि दीक्षित जो राजधानी काठमाडौंबाट प्रकाशित अंग्रेजी भाषाको मासिक पत्रिका हिमालका सम्पादक पनि हुन्, का अनुनसार 'साउदएसिया' शव्दको न्वारान उनैले गरेका हुन् । विश्वको सबैभन्दा बढी जनघनत्वको वस्ती दक्षिण एसियालाई एक सूत्रमा बाँध्न 'साउदएसिया' को अवधारणा सहायक हुनसक्छ । 'जुन उद्देश्य छापा माध्यमबाट पूरा हुन कठिन भैरहेको थियो, अब टेलिभिजनजस्तो सशक्त माध्यमले त्यही अवधारणा अङ्गीकार गरेको छ, जसबाट लक्ष्य प्राप्तिको सम्भावना बढेको छ,' उनले भने ।

यस नयाँ प्रसारण अवधारणामा बङ्गलादेशबाट ढाकाको च्यानेल वन, नेपालको इमेज टेलिभिजन, पाकिस्तानको आज/जियो, श्रीलङ्काको महाराजा टिभी र भारतको न्यु दिल्ली टेलिभिजन (एनडिटिभी), इण्डिया टिभी र कोलकाताको तारा न्युज संलग्न छन् ।

सन् २००६ को डिसेम्बरमा यस अवधारणालाई कार्यरूप दिने उद्देश्यले बसेको बैठकमा विश्वव्यापी प्रसारण सञ्जालको टेलिभिजन तारा समूहका अध्यक्ष राथीकान्त वासुले भने, 'दक्षिण एसियाको परिचय यस क्षेत्रका राष्ट्र र जनताबीच एक-पासमा गाँसिएको छ, सभ्यता र संस्कृतिमा साझा योगदान छ, त्यसको खोजी गर्नु र साझा भविष्यका लागि एकताबद्ध यात्राको पहिचान गर्नु साउदएसियाको अवधारणा हो ।'

दुई दशकअघि सार्कको गठनपछि दक्षिण एशियाका सात मुलुकका सरकारले 'सेभ अथवा सार्क श्रव्यदृष्य आदान-प्रदान कार्यक्रम सुरु गरे । यसमा राज्यनियन्त्रित टेलिभिजन तथा रेडियो प्रसारकहरू संलग्न थिए । तर, त्यस योजनाले उडान लिनभने सकेन । त्यसबेला वासु भारतको सार्वजनिक प्रसारक दूरदर्शनसँग आवद्ध थिए । उनी सम्झना गर्छन्, सेभ अन्तर्गतका कार्यक्रमहरू अनिय( मित, दिक्क लाग्दा र दर्शकलाई प्रभाव पार्न नसक्ने किसिमका हुन्थे ।

तर अहिले निजी क्षेत्रका प्रसारकहरूले जुन प्रयास गरेका छन् । त्यो निकै भिन्न प्रकृतिको छ, उनी विश्वास गर्दछिन् । अहिले आधा घण्टाको एक कार्यक्रम

हरेक आइतबार विहान सबै साझेदार माध्यमहरूले प्रसारण गर्दै आएका छन् । बंगलादेशी महिला रुवानाद्वारा सञ्चालित सो कार्यक्रमको समयावधि बढ्ने छ । अन्य मुलुकका प्रसारकहरू पनि यसमा सहभागी हुनेछन्, वासु भन्छन् ।

जब नयाँ टेलिभिजन कार्यक्रमले उदारताका साथ कार्य गर्छ र वैज्ञानिक आधार, शिक्षा, खेलकुद, स्वास्थ्य, संस्कृति, परम्परालाई महत्व दिन्छ, यसलाई भिन्न विचारको टेलिभिजनका रूपमा हेरिन्छ । साउदएसियाले सतही दृष्टिकोण, कट्टरतावाद, पक्षपात र हिंसाका विषयमा मात्र महत्व नदिई गम्भीर विषयमा ध्यान दिनेछ । यसले मुलुकहरूबीच तनाव बढाउने, वातावरण प्रदूषित पार्ने, जनावरप्रति दुर्व्यवहार गर्ने, साँस्कृतिक प्रभुत्व र साम्प्रदायिकता बढाउने कुराको विरोध गर्दछ ।

साउदएसिया टेलिभिजन कार्यक्रमले 'विवादास्पद विषयमा सतर्कता अपनाउन, बहुपक्षीय दृष्टिकोणका साथ विषयलाई समेट्न र निष्पक्ष प्रस्तुति गर्ने विषयमा ध्यान दिन आवश्यक छ ।'यसअतिरिक्त 'सम्पूर्ण सरोकारवाला पक्षहरूको रुचिका विषयमा उत्तिकै महत्व दिनु' छ, टेलिभिजन प्रसारक मुलुकका प्रतिनिधिहरूले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिमा जनाइएको छ । वासु भन्छन्- कार्यक्रमका विषयमा कपिराइटको प्रावधान छैन, अरु च्यानलहरू पनि यसका कार्यक्रम प्रस्तुत गर्न स्वतन्त्र छन् ।

'यदि दक्षिण एशियाको सहकार्य प्रयास सार्थक रह्यो भने विश्वासको शङ्कट घट्ने छ । सरोकारवालाहरू बीच आत्मालोचनाको संस्कार विकास हुने छ,' नयाँ दिल्लीका पत्रकार जावेद नाकभी भन्छन् । उनी पाकिस्तानको कराँचीबाट प्रकाशित 'डन' अखबारमा गत सात वर्षदेखि लेख्दै आएका व्यक्ति हुन् । उनी हामीकहाँ पत्रकारलाई बोकेर लाने र समाचार सङ्कलन गराउने इम्बेडेड पत्रकारिताको गलत संस्कार सुरु भएकोमा चिन्ता व्यक्त गर्दछन् । भारत र पाकिस्तानमा देखिएका यसखाले पत्रकारिताका उदाहरण दिंदै उनी खासगरी परराष्ट्र नीतिका सञ्चालकहरू इम्बेडेड पत्रकारिता गराइरहेको खुलासा गर्दछन् ।

नाकभी भन्छन्, पत्रकारहरू पाकिस्तानद्वारा शासित कास्मिरका रूपमा जुन भूभागलाई सम्बोधन गर्दछन् त्यसै भूभागलाई पाकिस्तानी पत्रकारहरू आजाद अर्थात् स्वतन्त्र भूभाग भन्ने गर्दछन् । त्यसै गरी भारतको उत्तर-पूर्वी राज्य जम्वु तथा कास्मिरलाई पाकिस्तानी पत्रकारहरू भारतद्वारा शासित कास्मिरका रूपमा सम्बोधन गर्दछन् । 'यस्ता विषयमा हामीले सवैलाई उपयुक्त हुने शब्दाबलीको प्रयोग गर्नु अथवा भारत शासित कास्मिर वा पाकिस्तान शासित कास्मिरका रूपमा उल्लेख गर्नु बुद्धिमानी हुन्छ, जस्तो संयुक्त राष्ट्रसंघले भन्ने गर्दछ ।

परम्परागत रूपको यस अभिव्यक्तिका अतिरिक्त दुवै मुलुकमा सञ्चारमाध्यमका क्षेत्रहरू स्वतन्त्र रहनुपर्ने कुरामा नाकभी जोडदिन्छन् । 'मैले लेख्ने गरेको पत्रिका डन दक्षिण पूर्वी एशियामै अत्यन्त उदार अखबारमा पर्दछ । यसले पाकिस्तानी संस्थापन पक्षको मान्यतामा आफूलाई समाहित गरेको छैन,' उनी भन्छन् ।

कास्मिरका विषयलाई लिएर भारत र पाकिस्तानबीच लामो विवाद चल्दै आएको छ । सार्कका दुई ठूला मुलुक भारत र पाकिस्तानले धेरै पटक तनाव सुल्झाउने प्रयास गरेका छन् । उदाहरणका लागि दक्षिण एसिया स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) २००६ बाट कार्यान्वयनमा आएको छ । भारत र पाकिस्तानको विभेद क्षेत्रीय स्वतन्त्र व्यापार प्रणालीको वास्ताविक कार्यान्वयनमा पनि दुवै मुलुकको सम्बन्धका कारण अवरोध सृजना भएको छ ।

'सार्कका मुलुकहरू २०१५ सम्ममा भन्सार शुल्क ५ प्रतिशतभन्दा कम बनाउने प्रतिवद्धता देखाइरहेका छन्,' पाकिस्तानी प्रधानमन्त्री शौकत अजिज भन्छन्, 'तर दुई मुलुक बीचको व्यापारिक सम्वन्ध कास्मिर विवादका कारण अड्केको छ ।'

साउदएसियन टेलिभिजन प्रसारण प्रारम्भ गर्ने कार्यक्रममा बंगलादेशबाट सहभागी हुन आएका नर्तक तथा सामाजिक कार्यकर्ता लुगना मारियम आफ्नो व्यक्तिगत अनुभव सुनाउँदै उपमहादेशमा भ्रमण गर्दैछिन् । उनको विश्वास के छ भने यस क्षेत्रका जनता केवल सांस्कृतिक रूपले मात्र निकट छैनन्, उनीहरूका समस्या पनि समान छन् ।

पाकिस्तानको आज टेलिभिजनका साहिद नादिङ भन्छन्, विद्युतजन्य सञ्चारमाध्यमको प्रभाव दर्शकहरूमा ठूलो छ । यसले यस क्षेत्रका जनतालाई विभाजित गर्ने होइन बरु एकीकृत गर्नेछ ।

सन् १९८५ मा स्थापित सार्कको मन्द प्रगतिका बाबजुद अप्रिल महिनाको शिखर सम्मेलनको उपलब्धिका रूपमा पहिलो पटक जापान, चीन, दक्षिण कोरिया, राष्ट्रसंघ र युरोपेली संघ पर्यवेक्षकका रूपमा सहभागी भएका छन् । इरानले पनि पर्यवेक्षणका लागि रुचि देखाएको छ ।

# सूचना प्रविधि अध्ययनमा महिलाको न्यून संख्या

– मारियो ओसाभा

रियो दि जेनेरियो (**आई.पी.एस्./एन्.पी.आई.**) – ब्राजिलमा सूचना प्रविधिको अध्ययनमा महिलाको संख्या तीव्र रूपमा घटेको छ। यो अवस्था विश्वव्यापी छ । यस विषयलाई लिएर ब्राजिलको कम्प्युटर समाज (एसबिसी) र यस क्षेत्रका महिला व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् ।

२० वर्षअघि विश्वविद्यालयको सूचना प्रविधिका क्लासहरूमा आधाजसो सीटहरूमा महिला देखापर्थे तर त्यो अनुपात तीव्रताका साथ घटेको छ, एसबिसीका अध्यक्ष तथा साओपाउलोबाट १०० किलोमिटर टाढा रहेको क्याम्पिनाज विश्वविद्यालयका प्राध्यापक क्लाउडिया बाउजर मेडिरोज भन्छिन् ।

सन् २००४ मा १३ हजार ६ सय ६ विद्यार्थी संख्या रहेको कम्प्युटर विज्ञात तथा इन्जिनियरिङ्गको  क्षेत्रमा अहिले केवल तीन हजार ४९ (२२ प्रतिशत) मात्र महिला संख्या रहेको छ, शिक्षा मन्त्रालयको तथ्याङ्कले देखाएको छ ।

त्यस विषयको स्नातक कक्षामा अहिले ३० प्रतिशत महिला प्राध्यापक छन् । यो स्थिति लामो समयदेखि कायम छ । तर भविष्यमा यो प्रतिशत कायम हुनसक्ने अवस्था देखिँदैन, गएको डिसेम्बर महिनामा जोर्नाल्डा युनिक्याप अखबारलाई अन्तर वार्ता दिँदै बाउजरले भनिन् । उनले महिला तथा प्रविधिका विषयमा प्राविधिक नेतृत्व लिएको र प्रविधिका क्षेत्रमा महिला संलग्न हुनुपर्ने विषयमा वकालत गरेकोमा युएस अनिता बोग इन्स्टिच्यूटबाट पुरस्कार प्राप्त गरेपछि सो धारणा व्यक्त गरेकी हुन् ।

यही प्रवृत्तिलाई अमेरिकास्थित नर्दन फ्लुमिनेन्स विश्वविद्यालयका क्लेभी रापकी वुइचले उजागर गरिन् । उनले १९८६ मा फ्रान्स र ब्राजिलमा ठूलो परिमाणमा महिलाहरू कम्प्युटर विज्ञान पढ्दै गरेको सन्दर्भलाई उल्लेख गर्दै सो धारणा प्रकट गरेकी हुन् । नर्दन फ्लुमिनेन्स रियो दि जेनेरियोभन्दा २८० किलोमिटर उत्तरस्थित क्याम्पोस शहरमा रहेको छ ।

उनले आईपीएसलाई व्याख्या गरिन्, ब्राजिलमा कम्प्युटर विज्ञान गणितको क्षेत्रबाट विकास भएको हो । तर फ्रान्समा भने इन्जिनियरिङ्गको क्षेत्रबाट यसको विकास भएको देखिन्छ । इन्जिनियरिङ्गलाई परम्परागत रूपमा पुरुष क्षेत्रको विषयका रूपमा लिइएको छ । यसैले गर्दा अहिले आएर सूचना प्रविधिको क्षेत्रमा महिलाको संख्या न्यून हुन पुगेको हो ।

दक्षिणी ब्राजिलस्थित पारान संघीय प्राविधिक विश्वविद्यालयमा कम्प्युटर विज्ञान विषयमा एउटै पनि महिलाले निवेदन दिएनन्, विश्वविद्यालयका जनसंख्याशास्त्री तथा प्राध्यापक मारिलिया दि कारभालहोले भनिन्। २००४ को त्यो अवस्था महिलाको सर्वाधिक सहभागिताको उदाहरण थियो तर पछिल्ला वर्षहरूमा क्रमश: घट्दै आयो ।

इन्जिनियरिङ्गका अरु क्षेत्रमा पनि महिलाको संख्या घट्दै आएको छ । खासगरी मेकानिकल इन्जिनियरिङ्गमा महिलाको संख्या घटेको छ। यद्यपि अनुपात बढेकै देखिन्छ । 'तर त्यो निकै न्यून गतिमा,' कारभालहोले भनिन् । यूएफटिपिआरमा गएको १० वर्षमा केवल ५ प्रतिशत मात्र महिला संख्यामा वृद्धि देखिएको छ ।

'वास्तवमा यो कुनै शारीरिक विषय होइन, बरु साँस्कृतिक विषय हो,' आईपीएसको एक प्रश्नको जवाफम कारभालहोले भनिन् । सामाजिकीकरणको प्रक्रियामा प्राविधिक क्षेत्रमा केटालाई प्रोत्साहन गर्ने प्रवृत्ति रहको छ

जबकि केटीहरूलाई सञ्चार तथा सेवाका विषयमा लगाउने गरिन्छ, जस्तै स्वास्थ्य उपचार, शिक्षा, जलवायुआदि विषयमा महिलालाई लगाउने सामाजिक मान्यता रहेको छ, उनले भनिन् ।

यसमा अर्को कारण पनि छ, बाउजरले भनिन्, सूचना प्रविधिका क्षेत्रमा जागिर पाउन कडा प्रतिस्पर्धा रहेको छ तर त्यहाँ जागिरका लागि एक-आपसमा शत्रुतापूर्ण व्यवहारको सृजना हुन्छ । यसप्रकारको उग्र स्वरूप प्रदर्शन गर्ने चरित्र महिलामा हुदैन, कारभालहोले भनिन्- अधिकांश निर्णयहरू अफिसभन्दा बाहिर पुग्ने गर्दछन् । सामाजिक भेटघाटमा सामान्यत: महिलालाई आमन्त्रण गरिन्न, यसमा पक्षपात हुन्छ । यो पनि सूचना प्रविधिको क्षेत्रमा महिलाको संख्या कमी हुनुको कारण हो । त्यसैले कतिपय महिलाहरू उद्योग-व्यापार घरानामा जागिर खान जानुको साटो प्राध्यापनमा लागेका देखिन्छन् । 'प्राध्यापन क्षेत्रमा पनि प्रतिस्पर्धा नहुने भने होइन । त्यहाँ पनि प्रतिस्पर्धा बलियै छ । तर नियम फरक छन् । त्यहाँ तलबमा पनि भिन्नता छैन, कम्तिमा सरकारी विश्वविद्यालयमा छैन,' उनले भनिन् ।

कम्प्युटर प्रणाली, इन्जिनियरिङ्गमा विद्यावारिधि गरेकी रापकी उइज भन्छिन्, उनी पहिला विभिन्न कम्पनीहरूमा सूचना प्राविधिक बनेर काम गरेपछि अहिले प्राध्यापनमा आएकी छन् । 'म आफ्नो जीवनको गुणस्तर विकासका लागि यहाँ आएकी हुँ,' उनी काम गर्ने छोटो समय र व्यवस्थित कार्यतालिका कारण प्राध्यापनतिर लागेको बताउँछिन् । कडा प्रतिस्पर्धाका कारण प्राध्यापनतिर नआएको उनको दावी छ ।

सूचना प्रविधिमा जागिरको प्रतिस्पर्धा कम तनावको विषय हो । उनी यसको कराण बताउँछिन्- ब्राजिलमा बेरोजगारीको समस्या छैन । बरु दक्ष कामदारको अभाव भने देखिन्छ ।

आक्रामक भएर के पाइन्छ, रापकी उइच भन्छिन्- 'के व्यवस्थापनका लागि प्रतिस्पर्धा गर्नु आन्तरिक विवाद हो ? खासगरी सूचना प्रविधिमा र अन्य केही क्षेत्रमा शक्तिको प्रतिनिधित्व हुन्छ र व्यापारको भाग्यका लागि यो निर्णायक पनि हुनसक्छ ।' उनका विचारमा शक्तिका लागि तीव्र चाहनाका कारण यो अवस्था सृजना भएको हो ।

'कम्पनी तथा विस्तारित समाज सूचना प्रविधिमा महिलाको संलग्नता नभएका कारण असन्तुलित हुन पुगेको छ । कुनै क्षेत्रमा एक लैङ्गिकता मात्र देखिनु समाज विकासका लागि अनुकूल होइन,' रापकी उइच भन्छिन् ।

'जब कामगर्ने व्यक्तिहरूमा विविधता हुँदैन, गुणस्तर र सृजनात्मकतामा कमी आउँछ । यसका लागि लैङ्गिक, जातिगत, पुस्तागत तथा वैचारिक आधारमा कामदारमा विविधता हुन आवश्यक छ । एकरूपताको अर्थ हो न्यून तर्क वितर्क र सीमित जिज्ञासा,' उनको तर्क थियो, । उनी ब्राजिलमा प्रचलित एक जना नाटक लेखकको भनाइ साभार गर्दै सर्वसम्मत भन्ने कुरा सधैं मुर्खताको परिचायक हुन्छ,' उनी भन्छिन् ।

'लैङ्गिक सन्तुलनले प्राविधिक अनुसन्धान तथा विकासमा प्रत्यक्ष प्रभाव पार्दछ,' रापकी उइचले भनिन्- आणविक बम निर्माणमा कति महिला वैज्ञानिक संलग्न रहे ? उनले आफ्नो तर्कका लागि प्रश्न गरिन् ।

कम्प्युटर विज्ञानमा महिला सहभागिताको वृद्धिका लागि उपयुक्त उपायको खोजी गर्नु आवश्यक छ । लैङ्गिक प्रश्नका साथ इन्जिनियरिङ्ग विषयमा महिला किन सहभागी हुदैनन् भन्ने विषयमा बहस चलाउनु पर्छ तर यस विषयलाई प्राध्यापकहरूले समेत बेवास्ता गरेका छन्, कारभालहोले भनिन् ।

'यस विषयको उनको क्लासमा विद्यार्थीले सुरुमा अनपेक्षित प्रतिक्रिया देखाए । तर उनीहरूले विस्तारै यस विषयलाई ध्यान दिएर सुने । उनीहरूमध्ये कतिले आफ्नो अवधारणामा परिवर्तन पनि ल्याए । विविधता नै समाज निर्माणको सुन्दर पक्ष हो,' उनले भनिन् ।

सूचना प्रविधिको क्षेत्रमा श्रम विभाजन गर्दा पुरुषका लागि बढी उपयुक्त हुने गरी बनाइएको छ । व्यापारिक पक्षमा पनि पुरुष नै लाभान्वित हुने अवस्था छ । यसैले महिलाहरू सूचना प्रविधिका क्षेत्रमा जति लागेका छन्, अधिकांशत: सफ्टवेयरतिरै लागेका छन्, उनले भनिन् ।

लैङ्गिकता तथा कम्प्युटर प्रविधिबीचको सम्बन्धकी विज्ञ अमेरिकी प्राध्यापक स्वस्ती मिटर इङ्गित गर्दछिन्, हार्डवेयर डिजाइन सुधार गर्ने कार्यलाई पुरुषको कामका रूपमा हेरिएको छ । कम्प्युटरको क्षेत्रमा लागे पनि महिलाहरू कम्प्युटर मात्र चलाउँछन् तर बनाउने काममा संलग्न हुँदैनन् त्यसैले महिलाका लागि सूचना प्रविधि 'क्रियाकलाप' को विषय मात्र बन्न पुगेको छ, रापकी उइच भन्छिन् ।

# परिवर्तनशील संसारमा धर्म पनि परिवर्तन

– हेल्डा मार्टिनेज

बोगोटा, (आई.पी.एस्./एन्.पी.आई.) – कोलम्वियामा क्रिस्चियन धर्मले जरा गाडेको भएतापनि क्याथोलिक चर्चले हरेक दिन आफ्ना सदस्यहरू गुमाइरहेको छ । क्रिस्चियन मान्यताभित्र आवद्ध व्यक्तिहरू घट्दै गएको तथ्याङ्कले देखाउँछ ।

'संकटका बेला अर्थात् गृहयुद्ध चलेको र आर्थिक कठिनाइ परेको बेला मानिसहरू सुरक्षाको दृष्टिकोणले आफ्नो पुरानो मान्यता छोड्दै अर्को धर्म अपनाउन थालेका छन्,' समाजशास्त्री आना मर्सिदिज पेरिराले आईपीएसलाई भनिन् ।

पादरी इफाइन अलडानाले यस तथ्यलाई थप पुष्टि गरेका छन् । क्याथोलिक चर्चका समीक्षकले आईपीएसलाई बताएअनुसार व्यक्तिहरू आफ्नो समस्या समाधानका लागि विभिन्न उपायको खोजी गरिरहेका छन् । कोही सर्वसत्तावादी भएर धर्म परिवर्तन गराएको नभई सुरक्षाका लागि व्यक्तिहरू स्वत: धर्म परिवर्तन गर्दछन् ।

'धेरै क्याथोलिक धर्माबलम्बीहरू यस समस्यामा परेका छन् । प्रोटेस्ट्यान्ट चर्चहरूको वृद्धि भैरहेको छ । खासगरी न्यून आय भएका व्यक्तिहरू धर्म परिवर्तन गर्दै छन्, क्यारिवियन क्षेत्रका कारटाकेना शहरका कारिन्दा अल्डाना भन्छन् ।

'मानव इतिहासमा संकटको यो बेला क्याथोलिक चर्च प्रभावित हुन पुगेको छ । उनीहरूले सामूहिक रूपमै आफ्नो पुरानो मान्यता छोडेका छन्,' उनले भने ।

अलडानाको विचारमा सर्वसाधारणभन्दा माथि उठेका पादरीहरू समेत धर्म परिवर्तनमा लागेका छन् । मानिसलाई संगीत, गायन र सकारात्मक व्यवहारले पनि धर्मपरिवर्तनमा प्रेरित गरेको छ ।

कुनै बेला कोलम्वियाली जनसंख्याको ९० प्रतिशत जनता क्याथोलिक रहेको थियो । अहिले आएर विविध राजनीतिक कारण तथा सामाजिक कारणले प्रोटेस्टियन मान्यतामा प्रवेश गर्नेको संख्या बढेको छ ।

१९३० मा कोलम्वियामा केवल ९ हजार मात्र प्रोटेस्टियन धर्माबलम्बीहरू थिए । १९५० मा यो संख्या बढेर ७० हजार पुग्यो । ५० को दशकमा आधुनिकीकरणले मुलुकमा प्रवेश गरेपछि अर्थात् अर्थशास्त्री कन्सुयलो कोरिडोरले आधुनिकीकरणको शिक्षा दिएपछि आंशिक तथा परित्यक्त समुदाय, व्यक्तिहरू अवसरका लागि सामाजिक परिवर्तनमा आकर्षित भए । शिक्षा प्राप्तिको अवसर बढ्यो, महिलाले घरबाट बाहिर काम पाउने अवस्था सृजना भयो । परिवार नियोजनको अवधारणा बाहिर आयो र सञ्चार माध्यमको विकास यत्रतत्र देखियो ।

'कोलम्वियाली समाज धर्मनिरपेक्ष हुनपुग्यो,' पेरिराले भनिन् । विश्वका घटनाहरूले व्यक्तिको चेतनामा प्रभावित बनायो । उदाहरणका लागि १९६२ मा द्वितीय भ्याटिकन काउन्सिलको उद्घाटन गरियो । ल्याटिन अमेरिकामा स्वतन्त्रताको सिद्धान्तले प्रवेश पायो । यस सिद्धान्तले इसाई धर्ममा विश्वास गर्ने समुदाय जो क्याथोलिक चर्चमा रहन्थ्या, प्रभावित हुन पुग्यो ।

स्वतन्त्रताको सिद्धान्त र यसको प्राथमिकता विकल्पले गरीवको ध्यानाकर्षण गऱ्यो । क्याथोलिक धर्ममा विश्वास गर्ने धेरै पादरी हरूको मस्तिष्कमा समेत सामाजिक परिवर्तनको लहर ल्यायो । समुदायको विकास र विपन्न व्यक्तिहरू गुणस्तरीय जीवनका लागि धर्म परिवर्तन गर्न तयार भए ।

कोलम्वियामा धर्म परिवर्तनको यस अभियानमा देखापरेका एक प्रमुख व्यक्ति हुन् कामिलो टोरस रेस्टेको । उनी क्याथोलिक पुजारी हुन् जो राष्ट्रिय मुक्ति सेना (इएलएन) मा समाहित भए र १९६६ को फेब्रुअरी महिनामा इएलएनमा संलग्न भएको केही महिनापछि नै मरे ।

त्यसैबेला संगठनहरू खडा हुन थाले । खोज तथा जनशिक्षाका केन्द्रहरू, कोलम्व्याली सञ्चार केन्द्र, धार्मिक समुदायहरूले सामाजिक संस्था र अनुसन्धानका क्षेत्रमा प्रवर्द्धनको कार्य गरे ।

क्याथोलिक चर्चको सामाजिक सिद्धान्तका लागि सोही समयमा अर्को कोसेढुंगा गाड्ने काम पनि भयो । द्वितीय ल्याटिन अमेरिकी इपिस्कोपाल सम्मेलन उत्तर पश्चिमी कोलम्व्याली सहरमा १९६८ मा स्थापना भयो । यसको रोमन क्याथोलिकको गोप्य बैठकले 'भगवानलाई चिन्न मान्छेलाई चिन्नु आवश्यक छ,' भन्ने अवधारणाका साथ पादरी पल छैटौंले न्याय, शान्ति, परिवार र गरीव चर्चका पक्षमा रहेको घोषणा गरे ।

यससम्बन्धी अन्तिम दस्तावेज जसको शीर्षक 'भगवान' थियो, ले गरिवको पक्षमा प्राथमिकता दिइयो । व्यक्तिले सबै प्रकारका दबाबबाट

मुक्ति पाउनु पर्छ, सामाजिक अर्थशास्त्रको सवलीकरणले मात्र विपन्न व्यक्तिलाई मुक्त गर्नसक्छ भन्ने मान्यता त्यस सिद्धान्तको थियो ।

मुक्ति सिद्धान्तका अनुयायीहरू तथा इसाई धर्ममा आधारित समुदाय ल्याटिन अमेरिकाभरि फैलिए । कोलम्बियामा जहाँ क्याथोलिक बर्णाश्रम संक्रीण देखियो । संक्रीणताका पक्षपाति धेरै त थिएनन् तर जति थिए बलिया थिए,' पेरिराले भनिन् ।

'तर उनीहरूले कोलम्बियाली धर्मगुरुहरूको समर्थन पाउन भने सकेनन् । धर्म गुरुहरूले आफ्ना अनुयायीहरू अन्यत्र नजाउन् भनेर लागेशक्ति प्रयास गरेका हुन् तर मुक्ति सिद्धान्तले उनीहरूलाई प्रभावित पारेरै छोड्यो,' उनले भनिन् ।

जब क्याथोलिक चर्च अझ बढी संकीर्ण भयो, तब कोलम्ब्याको अवस्था आन्तरिक रूपले अझ बढी समस्यामा फस्न पुग्यो । राज्यले पनि प्रतिक्रिया दखायो । उसले धर्म परिवर्तनमा नियन्त्रण गर्न खोज्यो । त्यसको मार भने प्रगतिशील क्याथोलिकहरूले वहन गर्नु पऱ्यो ।

जुलियो शेसार टर्वे (१९७८-१९८२) को शासन कालमा राजनीतिक दबाब बढ्यो । सुरक्षा विधान बनाएर धर्म परिवर्तनलाई नियन्त्रण गर्न खोजियो । २ वर्षपछि टर्वीका उत्तराधिकारी बेलिसारियो बेटानकर (१९८२-१९८६) ले अर्ध सैनिक दस्ता खडा गरेर केन्द्रीय माग्दालेना मेरियो क्षेत्रमा कारवाही सुरु गरे । उनले शंकास्पद वामपन्थी कार्यकर्तालाई खोजी खोजी पक्राउ गर्ने कार्य गरे ।

त्यसैवेला स्वतन्त्र बजार अर्थशास्त्रले विस्तारित हुने अवसर पायो र १९८० को दशकमा भूमण्डलीकरणको अवधारणाले प्रभाव पाऱ्यो । यसले गर्दा सामाजिक परित्यक्त समूदायलाई थप आर्थिक प्रभाव पर्नगयो ।

१९९१ मा जारी गरिएको संविधानले मुलुकमा धर्मको स्वतन्त्रतालाई महत्व दियो । १९९४ मा प्रोटेस्ट्यान्टका चर्चहरूमा २० लाख सदस्यहरू विस्तारित भए । उनीहरूको विकासलाई आन्तरिक सशस्त्र द्वन्द्वले इन्धनको काम गरेर अघि बढायो । यसले १९८० को दशकमा अर्ध सैनिक गतिविधि र लागू औषध तस्करीको कार्यमा उर्जा थप्यो । १९९० को दशकको मध्यमा आर्थिक संकट सृजना भयो ।

'संकटले मध्यवर्गलाई विशेष रूपमा कडा प्रहार गऱ्यो । बेरोजगारी समस्या तीब्र रूपले बढ्यो । सोहीअनुसार बैंकको व्याजदर पनि बढाइयो । मासिक रूपमा भुक्तानी गर्ने ऋणपत्र जारी भयो, अन्ततः हजारौं संख्यामा रहेका रकम संकलकहरू आफ्नै घरमा बस्न पाउने मौकाबाट वञ्चित हुन पऱ्यो,' पेरिराले भनिन् ।

त्यसैले मानिसहरू चर्चमा जान नमान्ने भए 'मवृद्धिको सिद्धान्त' ले भगवानका नाममा व्यक्तिलाई शोषण गर्न दिएन ।

'उनीहरू भन्छन्, जसले दिन्छ उसले त्योभन्दा बढी लिने गर्दछ । त्यसैले जति कमाइ गरिएको छ, अर्थात् चर्चमा सम्बन्ध व्यक्तिले कमाएको १० प्रतिशत चर्च र त्यसका सञ्चालककलाई बुझाउनुपर्ने अवस्था छ,' पेरिराले भनिन् ।

२००६ मा कोलम्ब्यामा ५० लाख प्रोटेस्ट्यान्ट रहेका थिए । जवकि मुलुककै जनसंख्या ४ करोड ३० लाख रहेको छ । जनसंख्याको ८२ प्रतिशतमा मात्र क्याथोलिकहरू सीमित हुन पुगे ।

प्रेसवटिरियाली, बप्टिस र मेनोनाइट चर्चहरूले कोलम्बियाली समाज ढाकेको छ, जो आज प्रोटेस्ट्यान्ट अवधारणाप्रति विश्वास राख्दछन् । पेन्टेकोस्टल तथा यस इतरका व्यक्तिहरू समेत प्रोटेस्ट्यान्ट धर्ममा समाहित हुन पुगे । 'सामान्यतया अमेरिकासँग सम्बन्धित मध्य बर्गीय धार्मिक अनुयायीहरूले मात्र चर्चलाई भत्काए । उनीहरूले यसो गर्नुका विभिन्न कारणहरू रहेका थिए,' पेरिराले भनिन् ।

अहिलेको पेन्टिकोस्टल विपक्षका चर्चहरूले अन्तर्राष्ट्रिय विशेष क्षमताका नियोगहरूको अस्तित्व निकै न्यून रहेको छ । बोगोटाका सदस्यहरू अहिले ९० हजार रहेका छन् । २००० मा यसले युवा जमातमा आफ्नो सन्देश पुऱ्यायो । १२ सिद्धान्त र जिससका १२ चेलाले समूह विस्तार गर्ने कार्य गरे ।

विशेष क्षमताका मिसनको नेतृत्व पादरी सिसार कास्टेलानोज र उनकी श्रीमती क्लाउडिया रोब्रिगुजले गरेका थिए । उनीहरूको राजनीतिक व्यक्तित्व पनि थियो उनीहरू संसद सदस्य थिए र २००४ देखि २००६ सम्म ब्राजिलका लागि कोलम्बियाको राजदूतका रूपमा समेत भूमिका निर्वाह गरेका थिए ।

यसै प्रकारको अर्को चर्च हाउस अन द रक रहेको छ । यसको नेतृत्व पत्रकार दारियो सिलभाले गरेका छन् । उनी एक विवादास्पद लेखक हुन् । जव उनले सञ्चार माध्यममा काम गरे त्यसबेला पवित्र आत्माले उनलाई आत्महत्या गर्नबाट बचाएको दावी गरे । उनी कुनैबेला निरासाको शिकार भएका थिए ।

समुदायका लागि क्रिस्चियन नागरिक बचनबद्धता (सि-४) नामको चर्च प्राध्यापक तथा विद्यार्थीहरूद्वारा सञ्चालित थियो । यसको नेतृत्व जिन्मि सामारोले गरेका थिए । उनी गएको २००६ सम्म सांसद थिए ।

यी चर्चहरूको विस्तार आफैंमा एक इतिहास बनेको छ । यी सबै एकैनासका क्याथोलिक राजनीतिज्ञहरूद्वारा सञ्चालित थिए । कोलम्बियाली राष्ट्रपति आलभारो युराइभ अन्तर्राष्ट्रिय क्यारिसम्याटिक मिसनमा १६ हजार व्यक्तिलाई सम्बोधन गर्ने चुनाव प्रचार को कार्यक्रममा सम्वोधन गर्न बोलाइए ।

उनले दान तथा विरोधीहरूको गतिविधिका पक्षमा प्रकास पारे । श्रोताहरूले लोकप्रिय बाइबलको भनाइ साभार गर्दै नारा लगाए 'म तिमीलाई माहान राष्ट्र बनाउँछु र आशीर्वाद दिन्छु । म तिम्रो नाम चर्चित बनाउँछु, त्यसपछि तिमीले आशीर्वाद दिनेछौं,' ।

'जर्मन समाजशास्त्री म्यानहिम भीडको चरित्रलाई विश्लेषण गर्दै भन्छन्, संकटका बेला धर्म बलियो सार्वजनिक विषय हुनपुग्छ । समाजको स्थायित्वको बेला यो त्रिआयामिक हुन्छ,' पेरिराले भनिन् ।

# एसियाको घट्दो जन्मदर सामाजिक चुनौती

– थालिफ डिन

संयुक्त राष्ट्रसंघ (**आई.पी.एस्./एन्.पी.आई.**) – जापान, दक्षिण कोरिया, चीन र सिँगापुरमा जन्मदरको तीव्र ह्रास देखिन्छ । प्रसूति-कक्षहरू रित्तो देखिन थालेका छन् ।

'राम्रो समाचार के मात्र छभने धेरै एसियालीहरूको जीवन-काल लामो छ,' होनोलुलुस्थित इस्ट-वेस्ट सेन्टर (इडब्लुसी) ले जानकारी गराएको छ । संस्था अगाडि लेख्छ, तर नराम्रो के मात्र भने थोरै 'नयाँ एसियाली' मात्र प्रकटमा आउँछन् ।

इडब्लुसीका वरिष्ठ कर्मचारी एण्ड्रु मासोन भन्छन्, सिँगापुरमा प्रतिमहिला १.२ बालक जन्मिन्छन् भने दक्षिण कोरियामा त्योभन्दा कम अर्थात एक महिलाले १.१ बच्चा जन्माउँछन् ।

चीनमा आज पनि 'एक बालक' नीति लागू छ । त्यहाँ प्रतिमहिला १.६ बालक जन्मिने निजी क्षेत्रको तथ्याङ्क छभने सरकारी तथ्याङ्कले १.८ देखाउँछ, हवाई विश्वविद्या( लयका अर्थशास्त्रका प्राध्यापक पनि रहेका मासोनले भने ।

'चीनले पनि बिस्तारै महिलामा बच्चा पाउने इच्छामा कमी आएको महसुस गर्नेछ र एक सन्तानको नीति खुकुलो बनाउनेछ, तर कुरा कति मात्र हो भने, उसले नीतिमा कति छिटो परिवर्तन ल्याउँछ, त्यो भन्न सकिन्न,' उनले प्रष्ट पारे ।

१९९० को दशकको सुरुदेखि जापानले छिटो विहे गर्न र ठूलो परिवार बनाउँन प्रोत्साहन गरिरहेको छ, तर सफल हुन सकिरहेको छैन ।

अहिलेको अबस्थामा एसियामा ३ अर्ब ७० करोड जनसंख्या रहेको छ जबकि बाँकी विश्वमा २ अर्ब ९० करोड छ, यसअनुसार विश्वमा जम्मा जनसंख्या ६ अर्ब ६० करोड रहेको छ ।

इडब्लुसीका लैंगिक विशेषज्ञ मिञ्जा किम चोई भन्छन्, आधुनिक कोरियाका उच्च शिक्षा हासिल गरेका र आर्थिक रूपले आत्मनिर्भर हुन चाहने महिलाहरू विवाह गर्ने सबालमा परम्परागत संस्कार अनुशरण गर्न चाहँदैनन् र बच्चा हुर्काउनु उनीहरू झन्झटिलो र प्रगतिको बाधक ठान्दछन् ।

उनका अनुसार पछिल्लो अध्ययनले आधुनिक कोरियाली महिला र पुरुष जीवन सन्तुष्ट बनाउन विवाह गर्नु अनिवार्य छ भन्ने धारणा राख्दैनन् भन्ने तथ्य देखाएको छ ।

प्रजनन दरमा कमी आएका कारण दक्षिण कोरियाली सरकारले सुत्केरी बिदाको अबधि बढाउने, शिशु हुर्काउन सुविधा दिने र 'शिशु बोनस' दिने प्राबधान रखेको छ ।

जनसंख्या तथा विकाससम्बन्धी राष्ट्रसंघीय आयोगको एक साता लामो बैठकमा संवोधन गर्दै अप्रिलको दोस्रो साता सम्पन्न चीन राष्ट्रिय जनसंख्या आयोगका उपमन्त्री जियान फान आफ्नो देशमा परिवारनियोजन कार्यक्रमले पूर्ण सफलता हासिल गरेको जानकारी गराउँछन् ।

कुल प्रजनन दरमा ह्रास आएका कारण तीन दशकअगाडि र आजको अवस्था दाजेर हेर्दा ४ करोड भन्दा बढी संख्या न्यून देखिन्छ । जस्तो कि १९७० मा एकजना महिलाले ५.८ जना बच्चा जन्माउथे भने आज यो दर घटेर १.२ मा झरेको छ ।

'२१ औं शताब्दीको सुरुमा चीन विश्वकै कम प्रजनन दर रहेको थियो भने जनसंख्या वृद्धि न्यून र जीवन बाँच्ने अवधि उच्च रहेको थियो,' उनले भने ।

जनसंख्या संक्रमणको अवस्थाले आर्थिक विकासमा सकारात्मक प्रभाव पार्‍यो । चीनले आफ्नो आर्थिक वृद्धिदर प्रतिवर्ष ९.६ प्रतिशत बनायो र ११ प्रतिशतका दरले आर्थिक एकीकरण बृद्धि गर्न सफल भयो ।

चीनमा दीर्घकालिक विकास र संयोजनमा चीनको जनसंख्या स्थिर रहेका कारण महत्वपूर्ण प्रभाव पर्‍यो ।

'अरु विभिन्न पक्षहरूका साथ सरकारले मानव विकासमा लगानी गर्न प्राथमिकता दियो । कुनै बेला अनियन्त्रित ठूलो जनसंख्याको मुलुक एक दम्पती एक सन्तानको

नीतिका कारण मानव राजधानी हुनपुग्यो,' फानले भने ।

१९९४ मा कायोरोमा सम्पन्न जनसंख्या तथा विकास विषयक अन्तर्राष्ट्रिय सम्मेलनले पूर्ण प्रकृतिको आदेश प्रदान गऱ्यो । त्यसमा प्राथमिक स्वास्थ उपचार तथा प्रजनन स्वास्थ्यका सम्बन्धमा दिशानिर्देश गरिएको छ । बालकको जीवन सुरक्षित राख्ने र महिला स्वास्थ्य तथा परिवार नियोजनको अवस्था सुधार्ने विषयमा सम्मेलनले बाटो देखायो ।

राष्ट्रसंघ जनसंख्या कोष (युनएफपिए) का कार्यकारी निर्देशक थोराया ओवाइड भन्छिन्, कायरो कार्ययोजनाअनुसार परिवार-मैत्री नीति अवलम्बन गरियो । प्रसूति तथा बच्चाको बाबुलाई समेत छुट्टीको व्यवस्था गरियो । शिशु स्याहार कार्यक्रम र कामकाजी महिलाका लागि विदाको व्यवस्था खुकुलो परियो र व्यक्ति तथा दम्पतीहरूले जति ठूलो परिवार बनाउन चाहन्छन् त्यसका लागि अनुकूल वातावरण बनाउने नीति लियो,' थोराया ओवाइद भन्छिन् ।

बच्चा पाउने सबालमा महिला तथा पुरुषको निर्णय स्वतन्त्र छोडियो । दम्पतीहरू बच्चा जन्माउने र हुर्काउने कुरामा अनिच्छुक देखिन थालेका कारण जनसंख्या नघटोस् भन्नाका लागि सो नीति अख्तियार गरिएको थियो । बच्चा जन्माउँदा र हुर्काउँदा आमाको स्वास्थ्य र जीवन वृत्तिमा नकारात्मक प्रभाव नपरोस् भन्नाका लागि सरकारले उदार नीति लिइएको हो ।

गत वर्ष युरोप आयोगका मुलुकहरूले घट्दो जन्मदरलाई ध्यानमा राखेर आ-आफ्नै तरिकाका प्रबर्द्धनात्मक व्यवस्था अवलम्वन गर्ने निर्णय लिए, उनले भनिन् ।

'उनीहरूको अनुभवबाट हामी धेरै ज्ञान लिन सक्छौं । बच्चा हुर्काउनका लागि र पठनपाठनका लागि लाग्ने खर्चको बोझ परिवारमाथि नपरोस् भन्नाका लागि राज्यले दीर्घकालिक योजनाहरू तयार गऱ्यो । कम्तिमा एउटा मात्र भएपनि सन्तान जन्माउन र त्यो भन्दा बढी जन्माउन पनि प्रोत्साहित होउन् भन्ने लक्ष्य सो कार्यक्रमले लिएको छ,' ओवाइदले प्रष्ट पारिन् ।

लैङ्गिक समानता सबैप्रकारका सामाजिक तथा आर्थिक संस्थाहरूमा दीर्घ कालिक नीतिका रूपमा अङ्गिकार गरिएको हुनुपर्छ, उनले भनिन् ।

न्यून प्रजनन् दरले समाजका विभिन्न पक्षमा प्रभाव पार्ने तथ्य उजागर गर्दै ओवाइदले कार्यक्रममा आफ्नो मन्तव्य प्रकट गरेकी थिइन् । प्रजनन् न्यूनीकरणका कारण सरकार तथा काम लगाउने निकायसमेत प्रभावित छन् । खासगरी स्थानीय समुदाय, जोडी समूह सञ्चार माध्यम गैरसरकारी तथा आस्थाका आधारमा कार्य गर्ने निकायहरू न्यून प्रजननका कारण प्रभावित छन् ।

अन्तर्राष्ट्रिय बसाइँसराइँ जनसंख्या न्यूनीकरणको उपचार हुनसक्ने विषयमा पनि धेरैले तर्क दिएका छन् । जनसंख्याको कमीकै कारण कामदार नपुगेर विदेशबाट श्रमिकहरू मगाइने प्रवृत्ति पनि बढेको छ । थुप्रै मुलुकहरूलाई विदेशी कामदार ल्याउनु ऐच्छिक विषय मात्र नभई आवश्यकताको विषय पनि हुन पुगेको छ । युएनएफपिए बसाइँ सराइँ कार्य आवश्यकता र सम्भावनाका आधारमा हुनुपर्ने कुरामा जोड दिन्छ । बसाइँ सरेर आएका वा आप्रवासी बनेका व्यक्तिको मानवअधिकार हनन नहोस् र महिला तथा युवा वर्गको संरक्षण हुन सकोस् भन्ने पक्षमा यसले जोड दिएको छ ।

'यदि आवश्यकता र सुरक्षाका पक्षहरूलाई ध्यान दिएर वैदेशिक कामदार झिकाउने वा अवसर दिने हो भने दुवै पक्ष लाभान्वित हुनेछन् । किनभने न्यून जनसंख्याको मुलुकलाई कामदार चाहिएको हुन्छ भने कामगर्ने व्यक्ति कामको खोजीमा रहेको हुन्छ ।

NEPAL PRESS INSTITUTE NPI 2041 1984 नेपाल प्रेस इन्स्टिच्यूट

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल**
**फोन नं. ४-२६४१५५, ४-२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :**



npiktm@wlink.com.np